श्री

राजस्व न्यायाधिकरण काठमाडौ, मुकाम पुल्चोक ललितपुर

इजलास

माननीय अध्यक्ष श्री टेकप्रसाद ढुङ्गाना

लेखा सदस्य श्री वासुदेव खनाल

फैसला

२०७९।०८० सालको निर्णय नं. ४४५

पुनरावेदन नं. ०७७-RB-००५७

मुद्दाः– आयकर (२०६८/६९)।

| | |
|---|---|
| सोनापुर सुनसरी स्थित अरिहन्त मल्टी फाईवर्स लिमिटेड (स्थायी लेखा नं. ३०००१६९६५) को तर्फबाट अधिकार प्राप्त ऐ.का ग्रुप भाईस प्रेसिडेन्ट अमित कुमार जैन..........................................................................१ | पुनरावेदक |

**विरुद्ध**

| | |
|---|---|
| श्री ठूला करदाता कार्यालय,हरिहरभवन, ललितपुर...........................................१<br>श्री आन्तरिक राजस्व विभाग, लाजिम्पाट, काठमाण्डौ......................................१ | प्रत्यर्थी |

**शुरु निर्णय गर्ने कार्यालय र अधिकारी**

शुरु निर्णय गर्ने कार्यालयः- ठूला करदाता कार्यालय, हरिहरभवन,ललितपुर

शुरु निर्णय गर्ने अधिकारीः- प्रमुख कर प्रशासक शोभा कान्त पौडेल

शुरु कर्यालयको निर्णय मितिः–२०७३/०१/२०

**प्रशासकीय पुनरावलोकनको निर्णय गर्ने कार्यालय र पदाधिकारी**

निर्णय गर्ने कार्यालयः- आन्तरिक राजस्व विभाग

निर्णय गर्ने पदाधिकारीः- महानिर्देशक श्री विनोद बहादुर कुँवर

निर्णय मितिः- २०७६/११/२८

**उपस्थित कानून व्यवसायीहरु**

पुनरावेदकका तर्फबाट : विद्वान बरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान

अधिवक्ता श्री नितेश श्रेष्ठ
प्रत्यर्थी कार्यालयहरुका तर्फबाट : विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकर
**अवलम्वित नजीरः** पुनरावेदन नं.०६४-CR-०५२९ मुद्दा :आयकर, आ.ब.२०५८/५९,फैसला मितिः२०६८/५/६

प्रस्तुत मुद्दामा ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरको मिति २०७३।०१।२० को संशोधित कर निर्धारणको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।२८ मा भएको निर्णय समेत उपर राजस्व न्यायाधिकरण ऐन, २०३१ को दफा ६(१) र आयकर ऐन, २०५८ को दफा ११६ बमोजिम पर्न आएको पुनरावेदन यसै न्यायाधिकरणको क्षेत्राधिकार भित्रको हुँदा प्रस्तुत मुद्दाको संक्षिप्त तथ्य एवं यस न्यायाधिकरणको ठहर यस प्रकार रहेको छः-

**<u>तथ्य खण्ड</u>**

१. ठूला करदाता कार्यालयको कार्य क्षेत्र अन्तर्गतका करदाता अरिहन्त मल्टी फाइवर्स लिमिटेडले आ.व. २०६८/६९ को कारोबारको सम्बन्धमा आयकर ऐन, २०५८ को दफा ९९ बमोजिम कर निर्धारण गरी सोही ऐनको दफा ९६ अनुसार रु.२,३६,९१,९५६।०० करयोग्य नोक्सानी कायम गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरमा मिति २०६९/०९/१९ मा आय विवरण पेश गरेको।

२. आ.व. २०६८/६९ को लागि ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट कर परीक्षणको सिलसिलामा करदाताबाट पेश हुन आएको आय विवरण साथ संलग्न कागजात तथा फाँटवारी तथा प्रमाणहरूको अध्ययन, छानविन गरी सो समेतको आधारमा पेश हुन आएको प्रतिवेदन समेतलाई मुख्य आधार बनाई परीक्षण गर्दा प्रस्तुत करदाताको यस आ.व.२०६८।६९ को सम्बन्धमा आयकर ऐन, २०५८ बमोजिम कट्टी गर्न नपाईने खर्च दावी भएको देखिएको र अग्रिम करकट्टी गरी ढिला दाखिला गरेकोले सोही ऐनको दफा १०१ बमोजिम संशोधित कर निर्धारण गर्ने प्रयोजनको लागि उद्योग तर्फको संशोधित करयोग्य आय रू.३,०२,२५,०५१।६२ कायम गर्नु पर्ने भएकोले सो बमोजिम गर्नु नपर्ने कुनै ठोस सबुद प्रमाण भए पत्र प्राप्त भएको मितिले दिन १५ (पन्ध्र) भित्र पेश गर्न आयकर ऐन, २०५८ को दफा ९०(८) र १०१(६) बमोजिम ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/१२/२६ मा करदाताको नाममा जारी भएको सूचना ।

३. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७२/१२/२६ मा जारी भएको सूचना करदाताले मिति २०७२/१२/२८ मा बुझी लिई सोको लिखित जवाफ मिति २०७३/०१/१२ मा पेश गरेको ।

४. प्रस्तुत करदाताको संशोधित करयोग्य आयमा परिवर्तन हुने नदेखिएको हुँदा आ.व. २०६८/६९ को लागि देहाय अनुसार उद्योग तर्फको संशोधित करयोग्य आय रू.३,०२,२५,०५१।६२ कायम गरी आयकर ऐन, २०५८ को दफा १०१ बमोजिम कर अधिकृतले संशोधित कर निर्धारण गरी सोही ऐनको दफा १०२ बमोजिम गर्ने गरी ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरबाट मिति २०७३/०१/२० मा खडा भएको निर्णय पर्चा ।

५. ठूला करदाता कार्यालय, हरिहरभवन, ललितपुरले मिति २०७३/०१/२० मा जारी गरेको आ.व. २०६८/६९ को आयकर तर्फको संशोधित कर निर्धारण आदेशमा चित्त नबुझी अरिहन्त मल्टी फाइवर्स लिमिटेडले प्रशासकीय पुनरावलोकनका लागि मिति २०७३/०४/०२ मा आन्तरिक राजस्व विभागमा पेश गरेको निवेदन ।

६. करदाता अरिहन्त मल्टी फाइवर्स लिमिटेडले बिशेष उद्योगले पाउने थप एक तिहाईको दरले हुने रकम समेत अनिवार्य रुपमा ह्रास खर्च कट्टी गरी सोही अनुसार आगामी वर्षका लागि ह्रास आधार कायम गर्नु पर्नेमा सो नगरेकोले आयकर ऐन, २०५८ को अनुसूची -२ को दफा ३ को उपदफा (२) मा ब्यवस्था भए बमोजिम कम्पनीले ह्रास खर्च कट्टी लिएको मानी कायम गरिएको ह्रास आधार अनुसार कानूनको अधिनमा रहि मर्मत तथा सुधार खर्च गणना गर्दा सम्पत्ति समूह (घ) मा बढी कट्टी गरेको मर्मत तथा सुधार खर्च कट्टी नहुने, आ.व २०६७।६८ को संशोधित कर निर्धारण हुँदा निवेदकले आयकर ऐन, २०५८ को अनुसूची -२ को दफा ३ को उपदफा (२) बमोजिम ह्रास योग्य सम्पत्तिका लागि लागू हुने ह्रास कट्टीको दरमा विशेष उद्योगले थप एक तिहाई ह्रास खर्च गणना नगरी ह्रास खर्च कट्टी लिएको मानी सोही अनुरुप आ.व. २०६८।६९ को लागि ह्रास आधार कायम गरेको, करदाताले ब्यवसायिक प्रयोजनका लागि भनी लिएको ऋण रकम सोही प्रयोजनका लागि मात्र खर्च गर्नु पर्नेमा एकातर्फ तरलताको अभाव देखाई बैंकबाट कर्जा लिई ब्याज खर्च कट्टी गरेको अर्कोतर्फ आफुसँग भएको रकम अन्य कम्पनीलाई उधारोमा सामान विक्री गरी ब्याज नलिई लामो समय सापटी दिएको हुँदा समानुपातिक हिसावले हुन आउने हदसम्मको बैंक कर्जामा निवेदकले कट्टी गरेको ब्याज खर्च आयकर ऐन, २०५८ को दफा १४ को उपदफा (१) बमोजिम अमान्य हुने, करदाताले आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम आय विवरण पेश गर्दा सोही ऐन को दफा २०(१) बमोजिम कट्टी गर्न पाउने गत आ.व.२०६७।६८ को जिम्मेवारी सरेको ब्यावसायको नोक्सानी रु.४,१६,५८,८७४।०० कट्टी गरेको तर कार्यालयबाट करदाताको आ.व.२०६७।६८ को मिति २०७२।०४।२७ मा भएको संशोधित कर निर्धारण अनुसार उक्त आ.व.मा कर योग्य आय रु.३,४३,७२७।८७ कायम हुन गएको हुँदा आयकर ऐन, २०५८ को दफा २०(१) बमोजिम बढी नोक्सानी दाबी गरेको रकम

रु.४,१६,५८,८७४/- कट्टी दिन नमिल्ने भनी ठूला करदाता कार्यालयबाट भएको कर निर्धारण मिलेकै देखिंदा निवेदकको जिकिर नपुग्ने ठहर्छ भनी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।२८ मा भएको निर्णय ।

७. करदाता अरिहन्त मल्टी फाईवर्स लिमिटेडले मर्मत संभार खर्च रु.२६,१७,९४८।८१ आफ्नो ह्रास खर्च तालिका अनुसार कट्टी गरेको साथै ठूला करदाता कार्यालयबाट विभिन्न आ.व.को ह्रास कट्टी तालिकामा ऐच्छिक एक तिहाई ह्रास खर्चलाई अनिवार्य भनी ह्रास कट्टी गरिएको र स्थिर सम्पत्ति  घटाईएको निर्णय विवादीत भई मुद्दा विचाराधिन भएको अवस्थामा मर्मत तथा सुधार खर्च वढी दावी भएको भनी रु.२६,१७,९४८।८१ आयतर्फ समावेश गर्न नमिल्ने, आयकर ऐन, २०५८ को अनुसूची ३(२) अनुसार ह्रासयोग्य सम्पत्तिका लागि लागू हुने ह्रास कट्टिको दरमा एक तिहाईले थप पाउने छ भनी ऐनले प्रदान गरेको सुविधालाई वाध्यात्मक ब्यवस्थाको रुपमा प्रयोग गरी कानून विपरीत कम्पनीले ह्रास कट्टी लिएको मानि सोही अनुरुप आगामी वर्षमा ह्रास आधार कायम गर्न नमिल्ने, आफ्नो उद्योगको ६५ प्रतिशत शेयर सुरक्षित गर्न तथा रघुपति जुटमिल्स लि.लाई नोक्सानीमा रही डुव्नबाट बचाउन रकम दिएको हो ।उक्त रकम यस उद्योगको आ.ब. २०६७।६८ को शेयर बृद्धि गरी आ.व.२०६७।६८ मा नै लगानीबाट आर्जन गरेको कुरा **cash flow** बाट देख्न सकिन्छ। यस्तो रकममा औषत बार्षिक ब्याज दर ११.७१ प्रतिशत जोड गरी आयमा रु.९,४१,८५०।१२ समाबेश गर्नु नपर्ने,  विगत विभिन्न आ.व.हरुको संशोधित कर निर्धारण आदेश अनुसार कायम भएको करयोग्य नोक्सानी रकममा भएका विगत वर्षका निर्णयमा चित्त नबुझी पुनरावेदन परी विचाराधिन रहेकाले गत वर्षको नोक्सानी वापतको रु.४,१६,५८,८७४।— लाई यस आ.व.को आयमा समावेश गर्ने गरी ठूला करदाता कार्यलयबाट भएको निर्णय र सोही निर्णयलाई सदर गर्ने गरी विभागबाट भएको निर्णय समेत बदर गरी न्याय पाउँ भन्ने समेत व्यहोराको जिकिर लिई करदाताको तर्फबाट मिति २०७७/०४/२८ मा यस न्यायाधिकरणमा दर्ता भएको पुनरावेदन पत्र।

८. यसमा मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १४०(३) बमोजिम छलफलको प्रयोजनार्थ विशेष सरकारी वकीलको कार्यालयलाई सूचना दिई नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७८/०१/०३ मा भएको आदेश।

९. प्रस्तुत मुद्दामा पुनरावेदक करदाताको तर्फबाट उपस्थित विद्वान बरिष्ठ अधिवक्ताले लिखित बहसनोट पेश गर्ने समय पाउँ भनी माग गर्नु भएकोले पुनरावेदक करदाता तथा प्रत्यर्थी दुवै पक्षबाट एक महिना भित्र लिखित बहसनोट पेश गर्न लगाइ नियमानुसार पेश गर्नु भन्ने यस न्यायाधिकरणबाट मिति २०७९/१२/२० मा भएको आदेश ।

१०. यस न्यायाधिकरणको मिति २०७९/१२/२० को आदेशानुसार पुनरावेदकतर्फका विद्वान

बरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता श्री नितेश श्रेष्ठले मिति २०८०/२/८ मा र प्रत्यर्थी तर्फका विद्वान सहायक न्यायाधिवक्ता श्री संगिता थोकरले मिति २०८०/२/३ मा पेश गर्नु भएको लिखित बहसनोट ।

## <u>ठहर खण्ड</u>

११. नियम बमोजिम पेशी सूचीमा चढी पेश हुन आएको प्रस्तुत मुद्दामा पुनरावेदक करदाता अरिहन्त मल्टी फाईभर्स लिमिटेडको तर्फबाट उपस्थित हुनु भएका विद्वान बरिष्ठ अधिवक्ता श्री चण्डेश्वर श्रेष्ठ र विद्वान अधिवक्ता नितेश श्रेष्ठले ठूला करदाता कार्यालय हरिहरभवन, ललितपुरबाट पुनरावेदक अरिहन्त मल्टी फाईभर्स लिमिटेडको आ.ब. २०६८।६९ को हकमा गरेको संशोधित कर निर्धारणको आदेश तथा सोही आदेशलाई सदर गर्ने गरी आन्तरिक राजश्व विभागका महानिर्देशकबाट भएको निर्णयमा लिईएका आधार तथा कारणहरु बस्तुनिष्ठ नभएको र आयकर ऐन, २०५८ को दफा ८७, दफा १९ र अनुसूची-२ वमोजिमको कानुनी प्रावधान बर्खिलाप हुने गरी भएको निर्णय बदर गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो।

१२. प्रत्यर्थी कार्यालयका तर्फबाट उपस्थित विशेष सरकारी वकील कार्यालय, काठमाडौंका विद्वान सहायक न्यायाधिवक्ता श्री संगीता थोकरले पुनरावेदकले आफुले लिएका दावीहरुलाई ठोस तथा बस्तुनिष्ठ प्रमाणको माध्यमबाट पुष्टि गर्न सकेको अबस्था नहुँदा प्रत्यर्थी कार्यालयहरुबाट भएको निर्णय कानुनसम्मत रहेकोले सो निर्णयलाई सदर गरी पाउँ भनी प्रस्तुत गर्नु भएको बहस समेत सुनियो ।

१३. करदाताका तर्फबाट लिइएका पुनरावेदन जिकिरहरु, दुवैतर्फबाट प्रस्तुत बहस बुदाँहरु तथा लिखित बहस नोट र मिसिल संलग्न कागज प्रमाणको अध्ययन गरी हेर्दा, यसमा ठूला करदाता कार्यालयबाट करदाताको हकमा भएको संशोधित कर निर्धारणको आदेश तथा प्रशासकीय पुनरावलोकनको क्रममा आन्तरिक राजस्व विभागका महानिर्देशकबाट भएको निर्णय मिलेको छ, छैन? करदाताको पुनरावेदन जिकिर पुग्न सक्ने हो वा होइन? भन्ने विषयमा निर्णय दिनुपर्ने देखियो।

१४. निर्णय तर्फ विचार गर्दा, करदाताको पहिलो पुनरावेदन जिकिर मर्मत तथा सुधार खर्च कट्टी नहुने सम्बन्धमा रहेको पाइन्छ। करदाताले ठूला करदाता कार्यालयबाट संशोधित कर निर्धारण आदेशको क्रममा सम्पत्ति समूह (घ) मा बढी मर्मत सम्भार खर्च रु.२६,१७,९४८.८१।- लाई आयकर ऐन, २०५८ को दफा १६ बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी लिएको आधार कानूनसम्मत नरहेको हुँदा बदर गरी पाउँ भनी पुनरावेदन जिकिर लिएको देखिन्छ। प्रस्तुत जिकिरका विषयमा ठूला करदाता कार्यालयबाट भएको निर्णय व्यहोरामा करदाताले पेश गरेको विवरण बमोजिम दावी गरेको सम्पत्ति समूह 'घ' मा बढी मर्मत खर्च अमान्य हुने भन्ने उल्लेख भएको देखिन्छ।

आयकर ऐन, २०५८ को दफा १६ को उपदफा (१) मा "कुनै व्यक्तिले कुनै आय बर्षमा कुनै व्यवसाय वा लगानीको आय गणना गर्दा सो व्यवसाय वा लगानीबाट आय आर्जन गर्न सो बर्षमा स्वामित्व भएको र प्रयोग गरिएको ह्रासयोग्य सम्पत्तिको मर्मत वा सुधार गर्दा भएको सबै खर्चहरु कट्टी गर्न पाउनेछ" र उपदफा (२) मा " उपदफा १ मा जुनसुकै कुरा लेखिएको भए तापनि सो उपदफा बमोजिम गर्न पाउने खर्च कट्टी गर्दा उक्त आय बर्षको अन्त्यमा रहेको सम्पत्तिको समूहको ह्रास आधार रकमको सात प्रतिशत भन्दा बढी हुने छैन" भन्ने कानुनी व्यवस्था रहेको पाइन्छ ।करदाताले आ.ब. २०६७/६८ मा कायम ह्रास आधार भन्दा बढी रु.२६,१७,९४८।८१ बढी मर्मत सुधार खर्च दावी गरेको तथ्यमा विवाद देखिएन ।यिनै करदाताले आ.ब.२०६७/०६८ मा ठूला करदाता कार्यालयले कायम गरेको संशोधित ह्रास आधार उपर चित्त नबुझाई यसै न्यायाधिकरणमा दायर गरेको ०७७-RB-००५६ नम्बरको आयकर मुद्दामा शुरु निर्णय सदर हुने ठहरी आज यसै इजलासबाट फैसला भईसकेको हुँदा सोही आधारमा समेत बढी मर्मत सुधार कट्टी गर्न पाउनु पर्ने भन्ने पुनरावेदकको जिकिर सँग सहमत हुन सकिएन। तसर्थ प्रस्तुत विवादका सम्बन्धमा ठूला करदाता कार्यालयबाट मर्मत तथा सुधार खर्च गणना गर्दा सम्पत्ति समूह (घ) मा दावी गरेको बढी मर्मत खर्च रु.२६,१७,९४८.८१।- लाई आयकर ऐन, २०५८ को दफा १६ बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी गरेको संशोधित कर निर्धारण आदेश मिलेकै देखिन्छ।

१५. करदाताले लिएको दोस्रो पुनरावेदन जिकिर ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशमा दावी लिईएको ह्रास खर्च रु.८६,९८,३३४.६९।- लाई आयकर ऐन, २०५८ को दफा १९ बमोजिम खर्च कट्टी दिन नमिल्ने भनी गरिएको निर्णयका सम्बन्धमा रहेको देखिन्छ। करदाताले बढी ह्रास खर्च दावी नगरेको तथा दावी गरेको ह्रास खर्च कट्टी आयकर ऐन, २०५८ को दफा १९ बमोजिमको हुँदा ऐच्छिक ह्रास कट्टीलाई अनिवार्य भन्ने व्यवस्था गरी ठूला करदाता कार्यालयले यस सम्बन्धमा गरेको निर्णय बदर हुनु पर्दछ भन्ने करदाताको मुख्य पुनरावेदन जिकिर रहेको देखिन्छ।यसै प्रश्नमा यिनै करदाताले आ.ब. २०६७/०६८ को संशोधित कर निर्धारण आदेश उपर समेत यसै न्यायाधिकरणमा ०७७-RB-००५६ नम्बरको पुनरावेदन दर्ता गरेकोमा उक्त मुद्दामा विस्तृत विवेचना गरी आज यसै न्यायाधिकरणबाट ठूला करदाता कार्यालयले कायम गरेको संशोधित ह्रास आधार सदर हुने ठहरी फैसला भई सकेको अवस्था छ । यसरी आ.ब. २०६७/०६८ मा कायम ह्रास आधार भन्दा करदाताले यो आ.ब. २०६८/०६९ मा रु.८६,९८,३३४.६९ बढी ह्रास कट्टी गरेको देखिदा सो बढी ह्रास खर्च आयकर ऐन, २०५८ को दफा १९ बमोजिम कट्टी नपाउने भनी ठूला करदाता कार्यालयबाट गरिएको संशोधित कर निर्धारण आदेश र सोही आदेश सदर गर्ने गरी

आन्तरिक राजश्व विभागबाट भएको निर्णय लाई समेत अन्यथा गर्न मिलेन ।

१६. करदाताको तेस्रो पुनरावेदन जिकिर रघुपति जुट मिल्स लिमिटेडलाई दिएको सापटी रकम व्यवसायिक प्रयोजन सँग सम्बन्धित नरहेको भनी सो बापत को ब्याज रु.९,४१,८५०।१२ खर्च कट्टी नपाउने भन्ने ठूला करदाता कार्यालयबाट भएको संशोधित कर निर्धारण आदेशको सम्बन्धमा रहेको देखिन्छ। रघुपति जुट मिल्स लिमिटेडको ६५ प्रतिशत शेयरधनी करदाता अरिहन्त मल्टी फाईबर्स लि. नै रहेको हुँदा डुब्न लागेको उद्योगलाई बचाउन तथा आफ्नो शेयर सुरक्षित गर्न सो ऋण रकम दिएको हो जुन रकम यस उद्योगको आ.व. २०६७।०६८ को शेयर बृद्धि गरी आ.ब.२०६७/०६८ मा नै लगानी गरेको cash flow बाट देखाएको हुँदा आयकर ऐन, २०५८ को दफा १४(१) अनुसार खर्च कट्टी पाउनु पर्ने भन्ने करदाताको मुख्य जिकिर रहेको देखिन्छ। आयकर ऐन, २०५८ को दफा १४(१) मा कुनै रकम ऋण लिए वापत सो ऋण दायित्व सिर्जना भएकोमा सो रकम सोही बर्ष प्रयोग गरिएको वा सो बर्षमा प्रयोग गरिएका कुनै सम्पत्ति खरिद गर्न प्रयोग गरिएको भए सवै व्याज रकम खर्च कट्टी पाउने व्यवस्था रहेको देखिन्छ। करदाताले व्यवसाय संचालनको लागि रकम नपुग भएको भनी यस आ.ब. २०६८/६९ मा विभिन्न बैंक तथा वित्तीय संस्थाबाट ऋण लिई सो ऋणमा तिरेको ब्याज खर्च कट्टी लिएको देखिन्छ । यसरी ऋण स्रोतमा आधारित यो उद्योगले ऋणको रकम पूर्णतः व्यवसायको आय आर्जन गर्ने कार्यमा लगानी गर्नुपर्नेमा रु. २,५४,२९,५६८.३४/- (दुई करोड चौउन्न लाख उन्तीस हजार पाँच सय अढसठ्ठी रुपैयाँ चौतिस पैंसा) रघुपति जुट मिललाई सापटी दिएको देखियो ।उक्त रकम बापत ब्याज असुल गरी मुनाफामा समावेश गरेको पनि देखिदैन । त्यस्तो सापटी बापत दिएको रकम बापतको ब्याजको हकमा उक्त दफा १४(१) को कानुनी व्यवस्था आकर्षित भई कट्टी दिन मिल्ने देखिदैन । यिनै करदाता पुनरावेदक समेत प्रत्यर्थी रहेको मुद्दामा श्री सर्वोच्च अदालतबाट "आफ्नो व्यवसाय संचालन गर्न आफु सँग नगद रकम अपुग भएको भन्ने आधारमा ऋण लिने, त्यस्तो ऋणको ब्याज खर्च कट्टा गर्ने तर यसरी ऋण लिने करदाता व्यक्तिले अन्य व्यक्ति लाई दिएको सापटी वा ऋणको रकममा लाग्न सक्ने ब्याज आयमा समावेश गर्ने वा निव्याजी सापटीको रकमलाई जम्मा ऋण रकम बाट नघटाउने हो भने यसबाट उक्त ऐनको दफा १४ को व्यवस्थाको दुरुपयोग हुनाको साथै कर दायित्व कम गर्ने वा कर दायित्व छल्ने संयन्त्रको रुपमा उक्त दफा १४ को व्यवस्था प्रयोग हुन सक्छ" [1]भनी ब्याख्या भएको पाइन्छ ।उक्त व्याख्याको रोहमा हेर्दा समेत करदाताले रघुपति जुट मिल लाई दिएको सापटी रकम रु.२,५४,२९,५६८.३४/-

[1] सर्वोच्च अदालतबाट मुद्दा नं. 064-RC-0529, मुद्दा आयकर, आ.व. 2058-59 फैसला मिति 2068।5।6

(दुई करोड चउन्न लाख उन्तीस हजार पाँच सय अठसठ्ठी रुपैयाँ चउतिस पैंसा) को बैंकलाई तिरेको व्याजदर ११.७१ प्रतिशतको हिसाबले हुन आउने ब्याज रु.९,४१,८५०.१२/- बराबर ब्याज कट्टी नहुने र आयमा समावेश गर्ने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय मिलेकै देखिन आयो ।

१७. करदाताको अन्तिम पुनरावेदन जिकिर ठूला करदाता कार्यालयले अन्तिम कर निर्धारण आदेशको क्रममा गत आ.व. २०६७/०६८ बाट जिम्मेवारी सरेको व्यवसायको नोक्सानी रु. ४,१६,५८,८७४.०० खर्च कट्टी नपाउने भनी लिएको आधार त्रुटिपूर्ण भएको हुँदा बदर गरी पाउनु पर्ने भन्ने सम्बन्धमा रहेको देखिन्छ। करदाता कम्पनीको आ.व. २०६७।०६८ को संशोधित कर निर्धारण अनुसार उक्त आ.ब.मा करयोग्य आय रु.३,४३,७२७.८७ कायम हुन गएको हुँदा आयकर ऐन,२०५८ को दफा २०(१) बमोजिम करयोग्य नोक्सानी कट्टीको सम्बन्धमा अघिल्ला आ.व.को नोक्सानी कट्टी आधारको रुपमा रहने देखिन्छ। नोक्सानी कट्टीको सम्बन्धमा करदाताको तर्फबाट मौखिक जिकिर निर्णायक नभई अघिल्लो आ.ब. को वास्तविक नोक्सानी नै निर्णायक रहन्छ । आ.ब. २०६७/०६८ को संशोधित कर निर्धारण उपर परेको लगाउको ०७७-**RB**-००५६ को मुद्दामा आज यसै इजलासबाट शुरु निर्णय सदर हुने ठहरी फैसला भइसकेको छ । यसरी आ.व.२०६७।०६८ को संशोधित कर निर्धारण बमोजिम कायम भएको करयोग्य आय रु.३,४३,७२७.८७ कायम भएकोमा बढी नोक्सानी रु.४,१६,५८,८७४.०० दावी गरेको हुँदा सो नोक्सानी कट्टी नपाउने गरी ठूला करदाता कार्यालयबाट भएको निर्णय आयकर ऐन, २०५८ को दफा २०(१) को रोहमा मिलेकै देखियो।

१८. तसर्थ, माथि विवेचित आधार र कारणबाट यसमा करदाता अरिहन्त मल्टि फाइवर्स लि. (स्थायी लेखा नं.३०००१६९६५) को आ.ब. २०६८/६९ को संशोधित कर निर्धारण गरी ठूला करदाता कार्यालय ललितपुरबाट मिति २०७३।०१।२० मा भएको निर्णय र सोही निर्णय सदर गर्ने गरी आन्तरिक राजस्व विभागका महानिर्देशकबाट मिति २०७६।११।२८ मा भएको निर्णय समेत मिलेकै देखिदा सदर हुने ठहर्छ । करदाताको पुनरावेदन जिकिर पुग्न सक्दैन । अरुमा तपसिल बमोजिम गर्नू ।

<u>**तपसिल खण्ड**</u>

१. प्रस्तुत फैसलाको जानकारी बिशेष सरकारी वकीलको कार्यालय काठमाण्डौलाई पठाईदिनु।
२. नक्कल माग गर्ने सरोकारवालाबाट लाग्ने दस्तुर लिई नक्कल दिनु ।
३. प्रस्तुत फैसलाको विद्युतीय प्रति यस न्यायाधिकरणको सफ्टवेयरमा अपलोड गरी फैसलाको पीठमा जनाउनु।

४. प्रस्तुत पुनरावेदनको दायरीको लगत कट्टा गरी शुरु मिसिल ठूला करदाता कार्यालय, ललितपुर पठाई रेकर्ड मिसिल अभिलेख शाखामा बुझाईदिनू।

टेकप्रसाद ढुङ्गाना
(अध्यक्ष)

उक्त रायमा मेरो सहमति छ।

वासुदेव खनाल
(लेखा सदस्य)

फैसला तयारीमा सहयोग गर्नुहुनेः-

इजलास अधिकृतः लक्ष्मी प्रसाद शर्मा
टिपोट गर्ने :-शान्ता खतिवडा(नासु)
इतिसम्बत २०८० साल जेठ २८ गते रोज शुभम............................
फैसला प्रमाणिकरण गर्नेः-
फैसला प्रमाणिकरण मितिः- राजस्व न्यायाधिकरण काठमाण्डौको छाप